# नेपाल पत्रकार महासंघ

# Federation of Nepali Journalists (FNJ)

केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल


मिति : २०७८।०९।०१

## प्रेस विज्ञप्ति

प्रदेश प्रमुखको कार्यालय मकवानपुरमा बागमती प्रदेशका मन्त्रीहरूको शपथ ग्रहण कार्यक्रममा निजी सञ्चारमाध्यमलाई समाचार संकलनमा रोक लगाइएको घटनाप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ ।

महासंघ मकवानपुर शाखाका अनुसार मंसिर २८ गते भएको बागमती प्रदेशका मन्त्रीहरूको शपथ ग्रहण कार्यक्रममा सरकारी सञ्चारमाध्यमलाई मात्र प्रवेश दिएर निजी सञ्चारमाध्यमलाई समाचार संकलनमा रोक लगाइएको थियो । यो घटनाले निजी सञ्चारमाध्यमप्रति प्रदेश सरकारको अनुदार दृष्टिकोण रहेको प्रष्टचाएको छ ।

सार्वजनिक सरोकारका विषयमा नागरिकलाई सुसूचित गर्ने संवैधानिक दायित्व निर्वाहमा जुटेका कुनै पनि पत्रकारलाई समाचार संकलनमा रोक लगाइनु खेदजनक हुनुका साथै प्रेस स्वतन्त्रमाथिको ज्यादती हो । महासंघ प्रेसलाई निर्वाध र स्वतन्त्र रूपमा सञ्चार कर्ममा जुट्ने वातावरण निर्माण गर्न र यस किसिमका घटना नदोहोऱ्याउन सम्बन्धित निकायको गम्भीर ध्यानाकर्षण गराउँदछ ।

रोसन पुरी
महासचिव


Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-4112763/4112673, Fax: +977-1-4112785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org